# प्रेस विज्ञप्ति

निजी आवास पुर्ननिर्माणका लागि अनुदान सम्झौता ।

(२०७३ असोज ४)

भुकम्पबाट अति प्रभावित जिल्लाहरुमध्ये देहाय बमोजिमका १२ जिल्लाहरुमा निजी आवास पुर्ननिर्माणका लागि यही २०७३ असोज ४ गते सम्म ४४,७३,३५१ घरधुरीहरुसँग अनुदान सम्झौता सम्पन्न भएको छ भने करिब १,६४,६८५ वटा गुनासाहरु दर्ता गरिएको अभिलेख प्राप्त भएको छ ।भुकम्पबाट क्षतिग्रस्त निजी आवास पुर्ननिर्माणका लागि पहिचान गरिएका लाभग्राहीहरुलाई बैंक मार्फत अनुदानहस्तान्तरण गर्ने राष्ट्रियपुर्ननिर्माण प्राधिकरणबाट "क","ख"र "ग"वर्गका इजाजत प्राप्त बैंक तथा वितीय संस्थाहरुसंग २०७३ साल जेठ १७ मा सम्झौता भई सोही अनुसार स्थानीय निकाय रबैंक तथा वित्तीय संस्थाहरु बीच छलफल भई स्थानीयस्तरमा बैंक तथा वित्तीय संस्थाहरुकोक्लस्टरिंग गरी तिनिहरुमार्फत आ- आफ्नो क्लस्टरमा परेका लाभग्राहीहरुलाई अनुदान वितरण गर्ने गरी प्रबंध मिलाईएको छ । साथै गाविस तथा नगरपालिकाहरुलाई संपन्नभैसकेका अनुदान सम्झौताको तेरिज छिटो माध्यमबाट जिविसमा पठाउने रसम्बन्धित जिविसले प्राप्त तेरिज अनुसार यथासिघ्र बैंकखातामा अनुदानरकमहस्तांतरण गर्ने व्यवस्था मिलाउन सबै जिविस, नगरपालिका, तथा गाविसहरुलाई निर्देशन दिईसकेकोछ । यसबाट आगामि दिनमा अनुदान प्राप्त गर्ने लाभग्राहीको संख्यामा तीव्रतर बृद्धि हुने अपेक्षा समेत गरिएको छ ।

| सि.नं. | जिल्ला | लाभग्राही संख्या | अनुदानसम्झौता सम्पन्न घरधुरी संख्या | प्रथम किस्ता भुक्तानी घरधुरी संख्या | गुनासो दर्ता |
|---|---|---|---|---|---|
| १ | गोरखा | ५८५०३ | ४९७५८ | ४८६५८ | १५६३५ |
| २ | सिन्धुपाल्चोक | ७८५३७ | ७४१८४ | ७२०३७ | १३३८७ |
| ३ | रामेछाप | ४३६०९ | ४०७७९ | ३९७५९ | १३९७२ |
| ४ | धादिङ्ग | ७०५८१ | ५८१९१ | ३७६४६ | १५४०५ |
| ५ | नुवाकोट | ६५७५९ | ५५९२५ | ३७१४८ | ९६२३ |
| ६ | दोलखा | ५१७६२ | ४३८६१ | ४१७७९ | २१७१२ |
| ७ | ओखलढुङ्गा | १९८१८ | १७९१५ | १७००३ | ५९५१ |
| ८ | काभ्रेपलाञ्चोक | ६७६६५ | ५५४८५ | ४६७३८ | २१४३६ |
| ९ | सिन्धुली | ३४२५६ | २४८९९ | १९१६२ | १८७०२ |
| १० | रसुवा | ११२३६ | ९००३ | ६०४२ | १३५१ |
| ११ | मकवानपुर | ३०२३८ | १७३५५ | ९७४३ | २६९०९ |
| १२ | ललितपुर | १२१८ | ४ | | ६०२ |
| | जम्मा | ५३३१८२ | ४४७३५९ | ३७५७१५ | १६४६८५ |

(सीता परियार)

सहायक प्रवक्ता एवं सुचना अधिकारी

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

२०७३ असोज ४